# डडेल्धुराका प्रमुख पर्यापर्यटकीय गन्तव्य







प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
**डिभिजन वन कार्यालय, डडेल्धुरा**
फोन नं. ०९६-४२०१४५
Email : dfodadeldhura096@gmail.com
website : dfodadeldhura.gov.np

सुदूर पश्चिमाञ्चल प्रदेशको केन्द्र भूभागमा अवस्थित डडेल्धुरा जिल्ला प्राकृतिक हिसाबले अति उत्कृष्ट र मनोरम जिल्ला हो । डडेल्धुरा जिल्लाको पूर्वमा डोटी, उत्तरमा बैतडी, दक्षिणमा कञ्चनपुर र पश्चिममा महाकाली नदी रहेको छ । प्राकृतिक जङ्गलले भरिपूर्ण रहेको डडेल्धुरामा उष्ण प्रदेशीय हावापानीदेखि समशितोषण हावापानीसम्म पाइन्छ । पहाडी क्षेत्र र भित्री मधेस क्षेत्र रहेको डडेल्धुरा प्राकृतिक सौन्दर्यले तथा विभिन्न देवस्थल र धार्मिक स्थलले धनी रहेको छ । मुख्य पर्यटकीय गन्तव्यका रूपमा आलिताल, परशुराम मन्दिर, घण्टेश्वर मन्दिर, भागेश्वर मन्दिर, गन्याप मन्दिर, गन्यापताल, घटाल मन्दिर, उग्रतारा भगवतिको मन्दिर, सहस्रलिङ मन्दिर, अमरगढी किल्ला, अजयमेरू कोट, असिग्राम मन्दिर, मष्टा मन्दिर, दुर्गा मन्दिर, जगन्नाथ मन्दिर, डागेश्वरी मन्दिर, विभिन्न देवल, महाभारत क्षेत्रमा हाइकिङ र ट्रेकिङ रूट रहेका छन् ।





# डडेल्धुराका प्रमुख पर्यापर्यटकीय गन्तव्य

प्रधान सम्पादक
**विष्णु प्रसाद आचार्य**

सम्पादन मण्डल
**सरिता लामा**
**दीपेन्द्र के.सी.**
**पुष्पान्जली आचार्य**

प्रकाशन वर्ष
**असार, २०७८**

प्रकाशन प्रति
**१ हजार प्रति**

सर्वाधिकार
**प्रकाशकमा**

लेआउट/छपाइ
**अल मिडिया सोलुसन**
**बागबजार, काठमाडौँ, ०१-४२५३९६४**

**प्रकाशक**
**डिभिजन वन कार्यालय**
**डडेल्धुरा**

अध्ययन प्रयोजनका लागि यसमा उल्लेखित लेख स्रोत उद्दरण गरेर प्रयोग गर्न सकिनेछ : प्रकाशक



# हाम्रो भनाइ



**विष्णुप्रसाद आचार्य**
डिभिजनल वन अधिकृत

**डडेल्धुराको** कूल भू-भागको करिब ७५ प्रतिशत क्षेत्र जङ्गलले ढाकेको छ । यो दुर्लभ संयोग हो तर यो संयोगअनुसार यहाँको प्रकृतिको सदुपयोग हुन सकेको छैन । केही प्रचार, चेतना, इच्छाशक्ति, नीतिगत एवम् कार्यगत समस्या अनि जानकारीको अभावले भएका स्रोत त्यत्तिकै दुरूपयोग भएका छन् । यही दुरूपयोग भएका स्रोतमध्ये महाभारत क्षेत्रदेखि तराईसम्म फैलिएको यहाँको प्राकृतिक छटा, झरना, मठमन्दिर, धर्मशाला, प्राचीन नाउला, तालतलैया, खोलानाला, हरिया चौर पनि हुन् । प्रकृतिले अद्भूत दिएको डडेल्धुराको प्रकृतिलाई आत्मासात् गर्दै डिभिजन वन कार्यालय, डडेल्धुराले यो प्रकृतिको अत्युतम सदुपयोग होस् भन्ने उद्देश्यले यहाँका युवा विद्यार्थी, सञ्चारकर्मी, प्रकृतिप्रेमी, होटल एवम् पर्यटन व्यवसायीलाई थप जानकारी गराउने यो सानो प्रयास गरेको हो ।

अझै पनि बाहिरबाट आएका पर्यटक र यहाँका स्थानीयलाई समेत यहाँका घुम्ने ठाउँमा केवल केही मन्दिर र स्थान मात्र छन् र यी घुमेपछि 'डडेल्धुरा घुमेर सकियो' भन्ने बुझाइ छ । तर यथार्थमा यहाँ केवल केही मन्दिर मात्र छैनन्, प्रकृतिले दिएका अनन्त स्रोत छन् र यो मध्ये हामीले केही स्थानमा मात्र पनि पुग्न सक्यौँ वा अरूलाई जानकारी गराउन सक्यौँ भने हामीले हाम्रो प्रयास सफल भएको ठान्ने छौँ । हामी यो पुस्तिकालाई विभिन्न पालिका, सरकारी कार्यालय, युवा विद्यार्थी, प्रकृतिप्रेमीलाई समर्पित गरेर आफ्नो पालिका र सञ्चारकर्मीले आ-आफ्नो स्थानको प्रचार गर्नेछन्, आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्नेछन्, जसले यहाँको पर्याप्त प्रचारप्रसार हुनेछ र स्थानीय जनताको जीविकोपार्जनमा थोरै भए पनि मद्दत पुग्नेछ भन्ने हामीले विश्वास लिएका छौँ ।

छोटो समय, सीमित स्रोतसाधन, बन्दाबन्दी, मौसमलगायत विविध कारणले हामी आफैँले पर्याप्त फोटो सङ्कलन गर्न सकेनौँ । यो केवल सुरूआत मात्र हो, यसमा थुप्रै कमजोरी हुन सक्छन् । पालिका, पत्रकार महासंघ, पर्यटन व्यवसायी वा अन्य संघ/संस्थाले यसमा भएका कमीकमजोरीलाई सच्याउँदै आगामी दिनमा यहाँका पर्यटकीय स्थलबारे आफ्नै ढङ्गले प्रचार गर्नेछन् भन्ने विश्वास लिएका छौँ । पुस्तिका प्रकाशनको जिम्मा लिएर निरन्तर खट्ने यस कार्यालयका सहायक वन अधिकृत सरिता लामा धन्यवादको पात्र हुनुहुन्छ । यसैगरी सहायक वन अधिकृत दीपेन्द्र के.सी., पुष्पाञ्जली आचार्य, लेखाअधिकृत हरिप्रसाद भट्टलगायत सबैलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, डडेल्धुराको पर्यापर्यटनको प्रवर्द्धनका लागि यसले एउटा ईँटाको काम मात्र गर्‍यो भने पनि हामी हाम्रो काम सार्थक भएको मान्नेछौँ । •







## हार्दिक धन्यवाद

पुस्तिका प्रकाशन गर्न हामीले विभिन्न महानुभावसँग तस्बिर सापट लिएका छौँ । हामीलाई विश्वास गरेर उहाँहरूले एकैपटकको आग्रहमा विभिन्न तस्बिर उपलब्ध गराउनुभएको छ । यसका लागि हामी सबै तस्बिरउपलब्ध गराउनुहुनेलाई हार्दिक धन्यवाद दिन चाहन्छौँ । हामीले यसबापत उहाँहरूलाई कुनै पारिश्रमिक दिन सकेनौँ, केवल तस्बिर क्रेडिट मात्र दिएका छौँ । उहाँहरू धन्यवादको पात्र हुनुहुन्छ । प्राविधिक कारणले हामीले प्रत्येक तस्बिरमा क्रेडिट दिन सकेनौँ, यसका लागि हामी क्षमाप्रार्थी छौँ । केही साथीको नाम छुट्न सक्छ, हामीलाई माफ गर्नुहुनेछ । केही तस्बिर सामाजिक संजालबाट र केही तस्बिर विभिन्न पत्रिकाको अनलाइनबाट साभार गरेका छौँ । हामी उहाँहरू सबैप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ ।

- गोबिन्द ओझा
- शेरबहादुर भण्डारी
- खेमराज जोशी
- गणेश थापा
- दीपा भण्डारी
- सरिता लामा
- पुष्पाञ्जली आचार्य
- पुष्पराज जोशी
- दीपेन्द्र के.सी.
- सन्तोष भट्ट
- रणेन्द्र सिंह
- भवानी ऐडी
- बरूण पनेरू
- सुरेन्द्र ठकुराठी
- सुशान्त खड्का
- पुष्कर भण्डारी
- विनित सिजापति
- भुवन ऐर
- यज्ञराज गिरी
- स्थानीय अनलाइन पत्रिका



# डडेल्धुरा बजार





समुद्री सतहदेखि १८०० मिटर उचाइमा रहेको डडेल्धुरा बजार देशकै एक बरदान हो । जाडोमा हिउँसमेत पर्ने यो बजारमा गर्मी मौसम अत्यन्त शानदार रहन्छ । यसलाई सुदूरको ग्रिष्मकालीन राजधानी घोषणा गरी विकासका कार्य अगाडि बढाउनुपर्ने देखिन्छ । ठूला-ठूला खेलमैदान, सिटी हलको व्यवस्था गर्ने हो भने यो क्षेत्रलाई सुदूरपश्चिमको मात्र नभई नेपालकै एक प्रमुख गन्तव्यका रूपमा विकास गर्न सकिन्छ ।












# उग्रतारा मन्दिर

उग्रतारा मन्दिर सुदूरपश्चिम प्रदेशको एक प्रसिद्ध धार्मिक र पर्यटकीय मन्दिर हो । यो मन्दिर अमरगढी नगरपालिका वडा नं. ७ मा डडेल्धुरा बजारबाट चार किलोमिटर पश्चिममा अवस्थित छ । यो मन्दिरलाई सुदूरपश्चिमका नौ भगवती मन्दिरमध्ये एक मानिन्छ । यो प्यागोडा शैलीमा निर्मित छ । कला र वास्तुकलामा धनी यो मन्दिरले धार्मिक महत्व बोकेको छ । देवी पार्वतीको मूर्ति मन्दिरको मुख्य मूर्ति हो ।





# घटाल थान

डडेल्धुराको एक प्रमुख मन्दिरको रूपमा रहेको घटाल देवराज इन्द्रको भानिज, महाबली भीमको पुत्र घटोत्कच हुन् भन्ने किम्बदन्ती छ । यहाँ भाकलको रूपमा बलि दिने र जात्राको परम्परा छ । डडेल्धुराको बगरकोट सडक खण्डमा रहेको यो मन्दिर अमरगढी ३ मा रहेको छ । यहाँबाट महाभारत पर्वत शृङ्खलालाई नजिकबाट अवलोकन गर्न सकिन्छ ।






# अमरगढी किल्ला







सदरमुकाममा रहेको अमरगढी किल्ला पर्यटकीय आकर्षणको केन्द्र बन्दै गएको छ । युद्धकालपश्चात् नगरपालिकाले उक्त किल्ला सर्वसाधारणका लागि खुला गरेको थियो । ऐतिहासिक गौरव बोकेको उक्त किल्ला यस क्षेत्रकै मुख्य पर्यटकीय आकर्षणका रूपमा रहेको छ । 'म बाघको डमरू हुँ, मलाईँ सिनो खाने कुकुर नसम्झ' नेपाल एकीकरणका बेला बडाकाजी अमर सिंह थापाले भनेका यी शब्द कुदिएको डडेलधुराको अमरगढी किल्लाको ऐतिहासिक, धार्मिक रूपमा छुट्टै महत्व रहेको छ । डडेल्धुरा घुम्न आउने पर्यटकको पहिलो रोजाइ उक्त किल्ला रहेको छ । डडेल्धुराको अमरगढी नगरपालिका यसै अमरगढी किल्लाको नामबाट २०५४ सालमा स्थापना भएको थियो ।




घटाला बाबाको मन्दिरसँगै महाभारत पर्वत श्रृङ्खलाको फेदमा रहेको असिग्राम महादेवको मन्दिर अत्यन्त आकर्षक रहेको छ । यहाँ पुरानो शैलीमा निर्मित मन्दिर मनमोहक देख्न पाइन्छ । वर्षातको खेतीको समयमा यहाँका हरिया फाँट लोभलाग्दो र मनमोहक लाग्छन् । घटाल जानेले यहाँ अनिवार्य भ्रमण गर्नु राम्रो हुनेछ ।

# असिग्राम मन्दिर






















डडेल्धुरा बजारको मुटुमा अवस्थित यो पार्क ब्रम्हाकुमारी राजयोग केन्द्रले साविकको बाल मन्दिर भएको स्थानमा व्यवस्थापन गरेर अत्यन्त आकर्षक पार्कको रूपमा निर्माण गरेको छ । यहाँ हरियाली पार्क, फाउन्टेन, गोलघरलगायत विभिन्न जनावरको आकर्षक आकृति कोरिएका छन् । पछिल्लो समय स्थानीयबासीको सर्वाधिक रोजाइमा परेको यो पार्कमा डिभिजन वन कार्यालय, डडेल्धुरा, अमरगढी नगरपालिका, जलाधार कार्यालय, पूर्वाधार कार्यालयलगायतका संघसंस्थाले सहयोग गरेका छन् ।



# पिस पार्क










# कस्या टाकुरा



अमरगढी बजारबाट करिब १० किलोमिटर बैतडी जाने सडकखण्ड (अमरगढी नगरपालिका-७) मा कस्या टाकुरा पर्छ । यहाँबाट डडेल्धुराका पाँचवटा पालिका र अत्यन्त मनमोहक प्राकृतिक दृश्य देखिन्छ । यहाँ नगरपालिकाले रेलिङ, झण्डा, सिँढीसहितको संरचना तयार गरेको छ । पछिल्लोपटक सूर्योदयको मनमोहक दृश्य हेर्न बिहानै त्यहाँ पुग्ने पर्यटकको सङ्ख्या बढ्दो छ ।








डडेल्धुराको बजार नजिकै कारिगाउँमा जन्मिएका भीमदत्त पन्त 'विद्रोह'को अर्को पर्याय हो । नजिक भएर पनि ओझेलमा परेको र अधिकांशलाई थाहा नभएको भीमदत्त पन्तको घर एउटा महत्वपूर्ण गन्तव्य हुन सक्छ ।

## आदर्श वस्ती



# शिवालय

धार्मिक आस्था बोकेको टुँडिखेल नजिकको यो मन्दिरमा मन्दिरको अलावा मिलङ्गाका रूख पनि हेर्न सकिन्छ । टुँडिखेल र महाभारतको शृङ्खला दर्शनका लागि यो स्थान उपयुक्त छ ।







# रावलतोली

अमरगढी-७ (पोखरा बजार)मा अवस्थित यो गुफा धार्मिक महत्वले भरिपूर्ण छ । यहाँ पर्शुरामको मन्दिर, प्राकृतिक र कृत्रिम गुफा र विभिन्न साधुको समाधिस्थलका अतिरिक्त शिलङ्गाको ठूलो रूखलगायत आकर्षक स्थल छन् ।



# सहश्रलिङ




अमरगढीको स्याउले बजारबाट करिब १.५ किलोमिटरको पैदल दूरीमा रहेको यो स्थानबाट विभिन्न मनोरम हिमशृङ्खला महाभारत पर्वत शृङ्खला देख्न सकिन्छ । शिवालय रहेको यो स्थान विभिन्न समुदायको कूलपूजा गर्ने स्थानको रूपमा समेत परिचित छ ।





# परशुरामधाम मन्दिर








सुदुरपश्चिमकै एक प्रसिद्ध धार्मिक गन्तव्यको रूपमा परिचित परशुरामधाम पवित्र महाकाली नदीको किनारमा अवस्थित छ । यहाँ परशुरामको मन्दिर, गणेशको मन्दिर, निर्माणधीन परशुरामको मूर्ति, धर्मशाला, होम हाल्ने ठाउँ, सुन्दर चौतारा, स्नान गर्ने स्थान आदि रहेका छन् । यहाँबाट महाकाली नदीमा र्‍याफटिङको सम्भावना पनि रहेको छ । डोटीको बुडर बजारबाट करिब ३० किमिको यात्रामा पुगिने यो स्थानमा माघे सङ्क्रान्तिमा भव्य मेला लाग्ने गरेको छ ।










# सिद्धनाथ मन्दिर

परशुराम नगरपालिका-१२ जोगबुढा बजारको रङ्गुन नदीको किनारमा अवस्थित सिद्धनाथ मन्दिर यहाँको जनताको आस्थाको केन्द्रको रूपमा रहेको छ । यो मन्दिरमा पूजाआजा गर्नेले आफूले चिताएको पूरा हुने विश्वास गरिन्छ ।










# सैलेश लिङ्गा



परशुराम नगरपालिकाभित्र पर्ने रङ्गुन नदीको चुरे शृङ्खलाको कमलो माटोबाट प्राकृतिक रूपमा निर्मित यी लिङ्गा नयाँ गन्तव्यको रूपमा विकसित हुँदैछन् । यसलाई महादेवको लिङ्ग स्वरूप लिङ्गा र शैलेश पनि भनिन्छ । हाल यहाँ नगरपालिकाले विश्रामगृहलगायत विभिन्न पूर्वाधार बनाउने तयार गर्दैछ ।





# परिपूर्णेश्वर महादेव



अमरगढी नगरपालिका वडा नम्बर- ३ मा अवस्थित यो मन्दिर महाभारत वन क्षेत्रको फेदीमा छ । सल्लो, देवदारको वनको माझमा रहेको यो मन्दिरमा विभिन्न साधुमहन्त ध्यान आदिका लागि आएर बस्ने गरेका छन् । यो मन्दिरका अलवा डाँडामा रहेको मन्दिरबाट डडेल्धुरा बजार, घटाल मन्दिर आदिको दृश्यावलोकनका लागि समेत प्रसिद्ध छ ।





# भागेश्वर मन्दिर



डडेल्धुराकै पवित्रस्थल रहेको भागेश्वर मन्दिर भागेश्वर गाउँपालिका वडा नं. ५ मा अवस्थित छ । बगरकोट घटालथानबाट मोटरबाटो र पैदल गरी भागेश्वरी मन्दिर पुग्न सकिन्छ । रक्षाबन्धनको दिन ठूलो मेला लाग्ने भागेश्वर मन्दिरको विशिष्ट महिमा छ । महाभारत युद्धको समयमा पाण्डबहरू यस ठाउँमा बसेको हुनाले यो ठाउँको छुट्टै धार्मिक र ऐतिहासिक महत्व छ । विभिन्न धार्मिक तथा सांस्कृतिक एवं पर्यटकीय महत्व बोकेको यो क्षेत्रको भ्रमण गर्न तथा पूजापाठ गर्न दैनिक रूपमा धेरै दर्शनार्थी तथा पर्यटक आउने गर्छन् । धर्मिक क्षेत्रको अलावा प्राकृतिक पर्यटन, हाइकिङ, ट्रेकिङका लागि यो स्थान अति उत्तम छ ।



# बगरकोट ताल



बगरकोट ताल डडेल्धुरा जिल्ला भागेश्वर गाउँपालिका वडा नं. ४ मा अवस्थित छ । कमलको फूल फुल्नु यो तालको मुख्य विशेषता हो ।











जैसिना (दुई तले) झर्ना

# झर्ना

हरियालीको अलावा तालतलैया झरनाका लागि समेत डडेल्धुरा प्रसिद्ध छ । पूर्वाधारको अभाव, प्रचारको अभावले यी ओझेलमा परेका छन् । अत्यन्त सुन्दर मात्र नभएर दुई तले झरनाको रूपमा रहेको जैसिना झरना आलिताल पालिकाको वडा नं. २ मा अवस्थित छ । भीमदत्त सडक खण्डको गोगन बजारबाट पश्चिममा पर्ने यो झरना प्रकृतिको अद्भूत बरदान हो । यसैगरी भागेश्वर नगपालिकामा अवस्थित सायल झरना अर्को गन्तव्य हुन सक्छ । ग्रामीण जनजीवन अवालिकन एवम् मूलतः हाइकिङ गर्न रूचाउने पदयात्रीका लागि यी झरना एक उत्कृस्ट गन्तव्य हुन सक्छन् ।



सायल झर्ना

# गन्यापताल

गन्यापधुरा गाउँपालिकाको वडा नं. १ मा पर्ने यो क्षेत्रलाई ताल भनिए तापनि अहिले त्यहाँ ठूलो कुनै पानी जम्ने ताल नभई केवल सिमसारको रूपमा रहेको छ । खप्तड जस्तै हरियो र रङ्गीविरङ्गी फूल फुलेका विशाल पाटन, वरपर राईसल्ला, खर्सुका भीमकाय र गगन चुम्न निस्केका अग्ला रूख, खप्तडको त्रिवेणी जस्तै स्थान, मन्दिरको गजुर जस्तै वरिपरि देखिने डाँडा र गन्यापतालको दलदलबाट निस्कने दुई खोलाको सङ्गमस्थल भएकाले गन्यापताललाई 'मिनी खप्तड' पनि भनिन्छ । प्राकृतिक सुन्दरताका अलवा जैविक विविधताको दृष्टिकोणले पनि अति धनी गन्यापताल क्षेत्र असीमित पर्यटकीय सम्भावना भएको पर्यटकीय क्षेत्र हो । हाल डिभिजन वन कार्यालयले यहाँ आवासका लागि रेस्टहाउस र जलाधार कार्यालयले पोखरी निर्माणमा सहयोग गर्दैछ ।













डडेल्धुरा जिल्लाको गन्यापधुरा गाउँपालिका वडा नं. १ मा अवस्थित गन्याप मन्दिर कुनै एक ब्राम्हण दम्पत्ति र उहाँहरूसँग भएको सर्प (नाग) को पौराणिक कथा जोडिएको विशाल भीमकाय चट्टानले बनेको अद्‌भूत मन्दिर हो । हजारौँ वर्षको दौरानमा कुनै ठूलो भूकम्प वा पृथ्वीमा आएको कुनै परिवर्तनले यी चट्टान पृथ्वीको सतहमा आएको हुनुपर्छ, यसको छुट्टै भूगर्भीय दृष्टिकोणले अध्ययन हुनुपर्ने देखिन्छ । यद्यपि यसको ऐतिहासिक, धार्मिक र सांस्कृतिक मान्यता छँदैछ ।





# अजयमेरू

करिब ८ सय वर्ष पुरानो एतिहासिक दरबार अजयमेरू कोट डडेल्धुरा जिल्लाको अजयमेरू गाउँपालिका वडा नं. २ मा अवस्थित छ । यो दरबार नागी मल्लद्वारा निर्माण गरिएको कुरा केही एतिहासिक प्रमाणमा उल्लेख भएको पाइन्छ । वि.सं. ११९१ ताका निर्मित यो दरबार त्यतिखेरको डोटी राज्य सञ्चालनका निम्ति महत्वपूर्ण र सुरक्षित दरबार थियो । राजा नागी मल्लले यो स्थानबाट युद्ध जितेका कारण र यो ठाउँलाई कसैले हराउन नसकेका कारण यसको नाम 'अजय' रहन गएको थियो र हाल यसलाई 'अजयमेरू' नामले चिनिन्छ ।







# जगन्नाथ मन्दिर

अजयमेरू गाउँपालिका वडा नं. ४ मा अवस्थित जगन्नाथ महादेवको मन्दिर यहाँको एक मुख्य शक्ति केन्द्रको रूपमा पुजिन्छ । मन्दिर वरिपरिको सुन्दर एवम् हरियाली वातावरणले यसको महत्वलाई अझ बढाएको छ ।



# हनुमान मन्दिर

अनारखोली बजारबाट पश्चिममा अवस्थित यो मन्दिर अजयमरू गाउँपालिका वडा नं. २ मा पर्छ । एकजना सिद्धबाबाद्वारा निर्माण गरिएको यो मन्दिर अत्यन्त आकर्षक छ । सल्लो, गुराँस, बाँझ, देवदार मिश्रित वन क्षेत्रमा रहेको यो मन्दिरलाई हाइकिङ एवम् धार्मिक गन्तव्यको रूपमा विकास गर्न सकिन्छ ।










# आलिताल

आलिताल गाउँपालिका वडा नं. ३ मा रहेको यही तालको नामबाट पालिकाको नामकरण गरिएको हो । यो ताल लगभग ११७५ मिटर लामो र लगभग ४०० मिटर चौडा छ । आलिता गाउँपालिकाको गोदाम बजारबाट २.२ कि.मि.भित्र रहेको छ । चुरेको फेदीमा रहेको प्रसिद्ध आलितालको पानीको मुख्य स्रोत महाभारत पर्वत शृङ्खला हो । विभिन्न किम्बदन्तीसँग जोडिएको योताललाई अहिले पालिकाले डुङ्गाको व्यवस्था, गोलघर निर्माण, शौचालयको व्यवस्था, पिकनिक स्पट र मचान समेत निर्माण गरेर पूर्वाधारमा जोड दिँदै गएको छ ।









# द्वारिकादेवी ठकुरानी

नेपालको पहिलो महिला मन्त्री द्वारिकादेवी ठकुरानीको सम्भवतः एकमात्र अर्धकदको शालिक यही हो भन्ने विश्वास गरिन्छ । जोगबुढा बजारमा रहेको यो शालिकले इतिहासको सम्मान गरेको मानिन्छ ।



# मष्टा भगवती

नवदुर्गा गाउँपालिकामा पर्ने यो मन्दिर यहाँका देविका मन्दिरमध्ये एक अग्लो मन्दिर हो । सल्लाको जङ्गल वरिपरि रहेको यो मन्दिरलाई एक उत्कृष्ट गन्तब्य बनाउने तयारी पालिकाले गरेको छ ।







# भीमदत्त पन्त









डडेल्धुराको पर्यायको रूपमा रहेका भीमदत्तका विभिन्न स्थानमा रहेका शालिक पनि एक गन्तव्य बन्न सक्छन् । डडेल्धुरा बजार, स्याउले बजार, बुडर, घरेलु, आलिताल पालिकामा राखिएका शालिक (नेपालको एक मात्र पूर्ण कदको शालिक) लाई प्रचार गरेर अगाडि बढ्नुपर्ने देखिन्छ ।







# धर्मशाला





कुनै दिन पहाडी जिल्लाबाट नुन बोक्न ब्रम्हादेब मन्डी वा तराई जाँदा यात्रुको सुविधालाई मध्यनजर गरेर निर्मित धर्मशाला अधिकांश जीर्ण अवस्थामा पुगेका छन् । नयाँ पुस्ताले धर्मशालालाई करिब-करिब भुले भन्दा हुन्छ । जिल्लाका विभिन्न स्थानाम रहेका धर्मशालालाई सोही आकारमा जिर्णोद्धार गरेर नयाँ पुस्ताका लागि अध्ययनको क्षेत्र बनाउन पहल गर्नुपर्ने देखिन्छ ।



# गल्लेक

डोटी र डडेल्धुराको सिमानामा रहेको भीमदत्त पन्तको सहादतस्थल बुडर बजारबाट करिब ४० मिनटको पैदल यात्राबाट पुग्न सकिन्छ । भीमदत्त सहिद भएको घरको अस्तित्व नभए पनि यहाँको पिपलको रूखमा भीमदत्तको सानो शालिक राखिएको छ । यो स्थानलाई प्रमुख राजनीतिक गन्तव्यस्थलको रूपमा विकास गर्नुपर्ने देखिन्छ ।





# हिउँमय डडेल्धुरा

डडेल्धुरा त्यतिकै राम्रो, त्यसमा पनि हिउँ परेको बेलाको डडेल्धुरा साँच्चै सुन्दर देखिन्छ । हिउँ खेल्न धनगढी, महेन्द्रनगर र भारतबाट समेत पर्यटक आउने गरेका छन् । हगुलते, साहुखार्क, महाभारत क्षेत्र, अमरगढी बजार, अनारखोलीलाई हिउँ खेल्न मिल्ने गरी पूर्वाधारको तयारी गर्नुपर्ने देखिन्छ ।










डडेल्धुराको गौरव, सुदूरपश्चिमको मेरूदण्डको रूपमा रहेको महाभारत शृङ्खला पर्यापर्यटनको एक प्रमुख गन्तव्य बन्न सक्छ । यहाँका विभिन्न मनोरमस्थलको अलवा हाइकिङ ट्रेकिङका दर्जनौँ रूट छन् । शितल पदमार्गको रूपमा यसलाई विकास गर्न सक्ने हो भने यसले ठूलो फड्को मार्न सक्ने देखिन्छ । डडेल्धुराको महाभारत पर्वत शृङ्खलालाई केन्द्रमा राखेर कर्णाली नदीदेखि महाकाली नदीसम्म (K2M) एउटा नयाँ वृहत् पदमार्ग बनाउन सकिन्छ ।


# महाभारत शृङ्खला (कर्णालीदेखि महाकाली)











साहुखर्कबाट करिब २ घन्टाको पैदल यात्राबाट पुगिने यो स्थान टेलिफोन कम्पनीका टावरको क्षेत्र हो । तर यहाँ पुग्न लाग्ने समयमा देखिने गुराँसका बोट, आकर्षक पदमार्ग, मनमोहक हिमशृङ्खला र टावरबाट देखिने सूर्योदय, सूर्यास्त, रातिको समयमा त्यहाँबाट देखिने महाकाली बनबासा, अत्तरिया बजार मनमोहक लाग्छन् । पूर्वाधारको कमी रहेको यो स्थानमा सामान्य आवासको मात्र व्यवस्थापन गर्न सक्ने हो भने राम्रो गन्तव्य बनाउन सकिन्छ ।

# काफली टावर















# कृषि पर्यटन




कृषि पर्यटन डडेल्धुराको नयाँ गन्तव्य बन्न सक्छ । पछिल्लोपटक तीव्र गतिमा बढिरहेको आलु खेति, परम्परागत रूपमा गरिने खेति, खेतिमा रमाएका किसान, लहर मिलाएर राखिएका मल, परालका टौवा अत्यन्त आकर्षक र मनमोहक छन् ।





# सुन्दर भूश्रृङ्खला

भूदृश्य अवलोकनका लागि डडेल्धुरा एक उपयुक्त गन्तव्य हो । डडेल्धुराको धेरै स्थानबाट अपि, सैपाललगायतका हिमशृङ्खला देख्न सकिन्छ । योलगायत महाभारत शृङ्खला आदि हेर्न टुँडिखेल, बजारको खुला क्षेत्र, पिस पार्क, कस्या टाकुरा उपयुक्त स्थान हुन् ।













# शिखर (गन्याप)

डडेल्धुराको सबैभन्दा उच्च स्थान यही हो । यसलाई कम्पास वा धुरा पनि भानिन्छ । गन्यापतालको शिरमा रहेको यो स्थान पुग्न गन्यापतालबाट ४५ मिनेट जङ्गलको बाटो उकालो लाग्नुपर्छ । समुन्द्र सतहबाट २६७६ मिटरमा उचाइमा रहेको यो स्थानबाट डोटीका जोरायललगायत विभिन्न स्थानको प्रत्यक्ष अवलोकन गर्न सकिन्छ ।













# जात्रा, पर्व, संस्कृति


डडेल्धुरा प्राकृतिक पर्यटनको हिसाबले मात्र नभई धर्म, परम्परा, संस्कृतिमा समेत निकै धनी रहेको छ । गौरा पर्व, घटाल मेला, बडाल जात, जोगिनी जात, उग्रतारा मेला, बन्धुनी मेलालगायत यहाँका विभिन्न मन्दिरमा चल्ने मेलाले यो जिल्लालाई जीवन्तता प्रदान गरेको छ ।





# शिलङ्गा पर्यटन









बैतडी, डडेल्धुरा र डोटीका केही सीमित स्थानमा सङ्कुचित हुँदै गएको शिलङ्गा (Osmanthus fragrans) सदाबहार रूख, धार्मिक एवम् सुगन्धमय रूखको रूपमा परिचित छ । संरक्षणको अभाव र रूखप्रतिको पूर्ण बेवास्ताले यो क्रमशः लोपोन्मुख हुँदैछ । प्राकृतिक रूपमा सामान्य रूपमा सीमित मात्रामा रहेको यो रूख हाल तुन्दिखेल, राता गुना, शिवालय र बजारका केही सीमित स्थानमा मात्र देख्न सकिन्छ । यसैगरी प्राकृतिक अवस्थामा ऋषि खोला सामुदायिक वन अमरगढी ५ को जङ्गललगायतका सीमित स्थानमा खुम्चिन पुगेको छ । डिभिजन वन कार्यालयले यसको पुनरूत्पादनका लागि अभियान चलाएको छ ।







# बडाल

गन्यपधुरा गाउँपालिकको सदरमुकाम रहेको बडाल बजारमा रहेको बडाल मन्दिर धार्मिक हिसाबले महत्वपूर्ण मन्दिर हो । यहाँको तरवार नाच सुदूरपश्चिमै प्रसिद्ध छ । केवल मन्दिरको हिसाबले मात्र होइन, अपि, सिपाल हिमालको दृश्यावलोकन, प्राचीन गाउँबस्ती, शिलङ्गा पर्यटन, कृषि पर्यटन अवलोकनको हिसाबले यो उत्कृष्ट गन्तव्य बन्न सक्छ । गन्यापताल जाने वा लाटागन्याप मन्दिर जान चाहनेले यसलाई एकै रूटमा मिलाउन सक्ने हो भने अझ सहज हुनेछ ।





# सेती बाँधस्थल

सुदूरपश्चिमको प्रसिद्ध परियोजना पश्चिम सेतीको प्रस्तावित बाँधस्थल नवदुर्गा गाउँपालिकाको वडा नम्बर ५ मा छ । यो स्थानमा पुग्दा डाँडाबाट देखिने सेती नदीको बहाव, अन्य छिमेकी पहाडी जिल्लाको हरियालीले मनानोहक बनाउँछन् ।







# डागेश्वरी मन्दिर एवं देवल

अजयमेरू गाउँपालिकाको वार्ड नम्बर ६ मा रहेको यो मन्दिर देवदारको वन क्षेत्रमा अवस्थित छ । वरिपरिका सुरम्य क्षेत्र पारी बैतडीको विभिन्न मनमोहक दृश्यले मानिसलाई लोभ्याउँछ । यो स्थानबाट बैतडीलगायतको स्थानको अत्यन्त मनमोहक दृश्यावलोकन गर्न सकिन्छ । यसैगरी अजयमेरू ५ मा रहेको देवल अत्यन्त आकर्षक छन् । यो स्थानलाई पनि एक गन्तव्यको रूपमा विकास गर्न सकिन्छ ।







# जैविक विविधता

जैविक विविधतामा धनी रहेको डडेल्धुराले गर्व गर्न सक्ने अध्यायमा महाभारत क्षेत्रको २,५०० मिटरको उचाइमा पाइएको पाटेबाघ हो । यसलाई वैज्ञानिक अध्ययनको हिसाबले नयाँ गन्तव्य बनाउन सकिन्छ ।

















# नवदुर्गा मन्दिर

प्राकृतिक सल्लोको जङ्गलमा रहेको यो मन्दिर नवदुर्गा गाउँपालिकाको वडा नम्बर ३ मा अवस्थित छ । धार्मिक आस्थाको एक केन्द्रको रूपमा रहेको यो मन्दिरमा विभिन्न समयमा जात्रा लाग्ने आदि गर्दछ ।





# विभिन्न सर्किट

डडेल्धुराको पर्यटनलाई ध्यानमा राखेर यहाँका पालिका, वन कार्यालय, होटल व्यवसायी, पर्यटन व्यवसायी, सञ्चारकर्मी र नागरिक समाजको समन्वयमा आफ्नो पालिकाअन्तर्गतका विभिन्न महत्वपूर्ण पर्यटकीय गन्तव्यको स्थान तोक्नु आवश्यक छ । भारतीय पर्यटकलाई मध्यनजर राखेर डडेल्धुरा, डोटी, बैतडीका व्यवसायीसँग समन्वय गर्न सकिन्छ । यसो गर्दा डडेल्धुरा केन्द्रमा पर्ने हुनाले १–२ दिन बसाई लम्ब्याउन सकिन्छ । यसमा मूलतः पालिका र पर्यटन व्यवसायीको अहम् भूमिका हुन्छ ।

जस्तैः अमरगढिका ७ प्रमुख गन्तव्य । यसमा एक स्थानदेखि अर्को स्थानबीचको दूरी, यातायात, पैदल, अन्य सुविधाका अलावा टुरिस्ट गाइडको व्यवस्था गर्नुपर्ने देखिन्छ । यसले रोजगारीका अलावा सो स्थानको विस्तृत जानकारी गराउन सकिन्छ । यसो भएमा अन्य प्रचार अझ सहज हुनेछ ।





# पर्यापर्यटन (Eco-Tourism) भनेको के हो ?

पर्यटनका धेरै विधामध्ये पर्यापर्यटन एक हो, जसले प्रकृतिमा आधारित पर्यटनमा जोड दिन्छ । 'पर्या' र 'पर्यटन' दुई शब्द मिलेर पर्यापर्यटन बनेको छ । जसमध्ये 'पर्या'को अर्थ पर्यावरण अर्थात् वातावरण, जसले




वनस्पति, वन्यजन्तु वा प्रकृतिसँगको घनिष्टता वा जैविक तत्वबीचको अस्तित्व र अन्तरसम्बन्धलाई बुझाउँछ । यसैगरी पर्यटनको अर्थ बसोबास गरिरहेको स्थान वा क्षेत्रभन्दा बाहिर स्वदेश वा विदेशमा कम्तीमा एक रातदेखि बढीमा एक वर्षसम्मको समय व्यतित गर्ने गरिरहनू भन्ने हो । 'पर्यटन' शब्दले घुमफिर भन्ने अर्थ समेत राख्छ । यसरी पर्यापर्यटनले प्रकृतिमा आधारित रहेर गरिने पर्यटन भन्ने बुझिन्छ, जसले धुँवाधुलो निषेध गर्ने, त्यहाँको वन्यजन्तु, जैविक विविधताको प्रवर्द्धन गर्ने, प्राकृतिक स्रोतको दोहन एवं वनजङ्गल नोक्सानीलाई निरूत्साहित गर्ने र पत्रु खाना (जङ्कफुड)लाई विस्थापित गर्दै स्थानीय परिकार एवम् अर्गानिक खाद्यको प्रवर्द्धन गर्ने, जसले स्वास्थ्यको अलवा स्थानीय जनताको जीविकोपार्जनमा सहयोग गर्ने समेत उद्देश्य राख्छ । पर्यापर्यटनले स्थानीय क्षेत्रको वातावरणलगायत अन्य कुरामा सुरक्षित पर्यटनमा जोड दिन्छ अथवा त्यहाँ जाऔँ, तस्बिर लिऔँ, पैतालाको डोब वा चिन्ह छोडौँ । ती बाहेक 'केवल आँखाले मात्र अवलोकन गर' भन्ने सिद्धान्तमा विश्वास गर्दछ (Take only Photographs and leave only foot-print) र आजको परिवेशमा यस प्रकारको पर्यटनले विश्वव्यापी रूपमा प्रभाव छाडेको छ । पर्यापर्यटनले यात्रुलाई त्यहाँको जनजीवन, सांस्कृतिक, धार्मिक आस्था, वातावरणप्रति उत्तरदायी गराउँदै, ती कुराप्रति सम्मान व्यक्त गर्दै त्यहाँको प्राकृतिक एवं सांस्कृतिक धरोहरको संरक्षणका लागि प्रोत्साहन गर्दछ । समग्रतामा भन्नुपर्दा प्राकृतिक एवं सांस्कृतिक वातावरणलाई बाधा नहुने गरी गरिने प्रकृतिमैत्री यात्रा नै पर्यापर्यटन हो । डिभिजन वन कार्यालय, डडेल्धुराले महाभारत पर्वत शृङ्खलालाई मुख्य आधार मानेर पर्यापर्यटनको प्रमुख गन्तव्य बनाउन विभिन्न क्रियाकलाप गरिरहेको छ ।



डिभिजन वन कार्यालय, डडेल्धुरा